# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।२० गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी भिमचन्द्र बुढासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पशु अस्पताल तथा पशु सेवा कार्यालय, मुगुका **कार्यालय प्रमुख भिम चन्द्र बुढा** समेतका प्रतिवादीहरु उपर आ.ब. २०७५।०७६ मा कर्णाली एकिकृत महिला विकास मञ्चको बधशाला मासु सेन्टर भवन निर्माण आयोजनामा नभए/नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता सम्बन्धी बिलमा प्रविष्ट गरी गराई झुट्टा बिल भरपाई बनाई सोही प्रतिवेदनको आधारमा भुक्तानीसमेत गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.२०,७०,४४९।६३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरीवानाको सजाय गरी बिगो असुल उपर हुन तथा सोही ऐनको दफा १९ को उपदफा (२) समेतको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०८।१३ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०५।२० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल